**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८१/१२/१४ गते बसेको गाउँ कार्यपालिकाको तेह्रौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ आइरन फोलिक एसिड खरिद गर्ने सम्बन्धमा ।**

**निर्णय नं २:**

स्वास्थ्य सेवा विभागको मिति २०८१/१०/१९ गतेको च.नं. १३६२ मा आइरन फोलिक एसिड व्यवस्थापन गर्ने पत्रानूसार सिद्ध कुमाख गाउँपालिकाले यसको खरिद तथा व्यवस्थापन गर्नुपर्ने भएको हुदाँ शसर्त बजेट तथा कार्यक्रम अन्तर्गत आमासुरक्षा कार्यक्रम शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ ज्योति फाउण्डेशन आर्थिक सहायता सम्वन्धमा ।**

**निर्णय नं ३:**

कर्णाली प्रदेशका किशोरीहरुलाई सशक्त बनाउन, उनीहरुको नेतृत्व क्षमता अभिवृद्धि गर्न तथा स्थानीय नीति निर्माणमा समेत उनिहरुको संलग्नता बढाउन कर्णाली प्रदेशका सवै स्थानीय तह र ज्योति फाउण्डेसन, सुर्खेतको सहकार्यमा मिति २०८२ बैशाख १८ देखि २० गतेसम्म वीरेन्द्रनगर सुर्खेतमा **कर्णाली छोरी सम्मेलन २०८२** संचालन हुन लागेको हुदाँ यस पालिकाबाट सहभागि हुने किशोरीहरुको आउदा, जाँदा र कार्यक्रम अवधिभर लाग्ने यातायात र आवासीय खर्च बापत् **अन्य संस्था सहायता** शिर्षकबाट रु २५ हजार सहायता प्रदान गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं ४ झारगाउँ बालविकास केन्द्र व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख वडा नं ३ मा **खरिखोला प्रारम्भिक बालविकास केन्द्र झारगाउँ** स्थापना तथा संचालन गर्न विद्यालयका लागि फर्निचर खरिद शिर्षकबाट आवश्यक सामाग्री खरिद तथा व्यवस्थापन गर्ने निर्णय गरीयो।

**प्रस्ताव नं ५ सुन्तला पकेट कार्यक्रम छनौट सम्बन्धमा ।**

**निर्णय नं ५:**

मिति २०८१/१२/१४ गते दोस्रो पटक प्रकाशित नयाँ सुन्तला जात पकेट विकास कार्यक्रम संचालन माग सम्वन्धि सूचना बमोजिम एउटा मात्र आबेदन रितपुर्वक कार्यालयमा दर्ता भएकोले देहायको उक्त सहकारी फर्मलाई कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्ने गरी छनौट गर्ने निर्णय गरियो।

**"कृषि सहकारीको नामः सञ्जिवनी कृषि सहकारी संस्था लिमिटेड वडा नं ४"**

**प्रस्ताव नं ६ शारदा मेयर कप क्रिकेट प्रतियोगिता सहभागिता खर्च व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं ६:**

शारदा नगरपालिका सल्यान द्धारा नयाँ वर्ष २०८२ को उपलक्ष्यमा आयोजना गरिने 2nd Sharada Mayor's New Year T20 cup 2082 क्रिकेट प्रतियोगितामा गाउँपालिका द्धारा खेलाडीहरु सहभागी गराउने र उपयुक्त शिर्षकबाट आवश्यक खर्च व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं ७ रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको आव २०८१।८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार हाल सम्मको खर्च र आवश्यकताका आधारमा देहायको बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

| कटाउनु पर्ने योजना | रकम | थप्नु पर्ने योजना | रकम |
|---|---|---|---|
| करार कर्मचारीको पोषाक | २३५००० | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सहभागिता खर्च | १३५००० |
| | | पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १००००० |
| विपन्न नागरिक सहायता | २००००० | शारदा मेयर T-20 क्रिकेट प्रतियोगिता सहभागिता खर्च | २००००० |

**प्रस्ताव नं ८ निःशुल्क योग विज्ञान शिविर संचालन तथा व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय नं ८:**

पतञ्जली योग समिति सल्यानसँगको समन्वय तथा सिद्ध कुमाख गाउँपालिकाको आयोजनामा मिति २०८२ बैशाख १६ गतेदेखि निराजन माविको प्राङ्गन सिद्ध कुमाख ३ ढोरचौर सल्यानमा निःशुल्क योग विज्ञान शिविर संचालन तथा व्यवस्थापन गर्न गाउँपालिकामा **भैपरी आउने विभिन्न कार्यक्रम संचालन खर्च** शिर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ सुस्वा अन्तर्गत पानी सुरक्षा योजनाका लागि योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं ९:**

सिद्ध कुमाख गाउँपालिका सुस्वा अन्तर्गत पानी सुरक्षा योजनाको लागि तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.न. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ढुंगेपानी खानेपानी आयोजना | सिद्ध कुमाख १ सल्यान | |
| २ | मगरा खर्केडाँडा खानेपानी आयोजना | सिद्ध कुमाख १ सल्यान | |
| ३ | खानीगाउँ खानेपानी आयोजना | सिद्ध कुमाख २ सल्यान | |
| ४ | पेदिखोला खानेपानी आयोजना | सिद्ध कुमाख २ सल्यान | |
| ५ | फलाटे खानेपानी आयोजना | सिद्ध कुमाख ३ सल्यान | |
| ६ | डाँडाकटेरी खानेपानी आयोजना | सिद्ध कुमाख ३ सल्यान | |
| ७ | चाँदे माथिल्लो टोल खानेपानी आयोजना | सिद्ध कुमाख ४ सल्यान | |
| ८ | बुग्रिघर खानेपानी आयोजना | सिद्ध कुमाख ४ सल्यान | |
| ९ | लेखटोल खानेपानी आयोजना | सिद्ध कुमाख ५ सल्यान | |
| १० | मगराधारा खानेपानी आयोजना | सिद्ध कुमाख ५ सल्यान | |

**प्रस्ताव नं १० आर्थिक सहायत सम्वन्धमा।**

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | कमारो कामी | सिद्ध कुमाख २ सल्यान | बर्षातको कारण घर भत्किएको | १० हजार |
| २. | भविशा बुढाथोकी बस्नेत | सिद्ध कुमाख २ सल्यान | क्यान्सर पिडित | रु १५ हजार |
| ३. | धनी एरी | सिद्ध कुमाख ५ सल्यान | विपन्न नागरिक सहायता | रु १० हजार |
| ४. | दुर्ग बहादुर वली | सिद्ध कुमाख ३ सल्यान | विपन्न नागरिक सहायता | रु १० हजार |

**प्रस्ताव नं ११ हालसम्मको खर्च अनुमोदन सम्वन्धमा ।**

**निर्णय नं ११:**

आव २०८१/८२ को बजेट तथा कार्यक्रम अनुसार हालसम्म चालुखर्च तर्फ ५६.४४ प्रतिशत र पुजिगत खर्चतर्फ १७.४४ प्रतिशत र समग्रमा ४४.९ प्रतिशत वित्तिय प्रगति भएको प्रतिवेदन कार्यपालिकामा पेश भएको हुदाँ व्यापक छलफल गरी सर्वसम्मतले खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२ अनुगमन प्रतिवेदन छलफल सम्वन्धमा ।**

**निर्णय नं १२:**

आव २०८१/८२ मा कार्यान्वयन भएका तपशिलका योजना तथा कार्यक्रमको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा अनुगमन गरी तयार भएको अनुगमन प्रतिवेदन उपर व्यापक छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयो ।

तपशिलः

| सि.न. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मेलचौर पिपलबोट देखि ढारसम्म पदमार्ग निर्माण | सिद्ध कुमाख ४ सल्यान | |
| २ | जनता कालिक आवि घेरबार तथा पर्खाल निर्माण | सिद्ध कुमाख ४ सल्यान | |
| ३ | दह भवन निर्माण योजना | सिद्ध कुमाख ५ सल्यान | |
| ४ | दह नेटा गोरेटो बाटो निर्माण | सिद्ध कुमाख ५ सल्यान | |
| ५ | ठुलाखोला देखि पुछारा सिचाई कुलो निर्माण | सिद्ध कुमाख ५ सल्यान | |
| ६ | वडाकाडा कृषि तथा आमा समुह भवन निर्माण | सिद्ध कुमाख ५ सल्यान | |
| ७ | माझकाउले खानेपानी टंकी निर्माण | सिद्ध कुमाख ५ सल्यान | |
| ८ | हातिजोर अधेरी दारिमबोट सिचाइ कुलो मर्मत | सिद्ध कुमाख ४ सल्यान | |
| ९ | तल्लो सिम सिचाइ पोखरी निर्माण | सिद्ध कुमाख ४ सल्यान | |
| १० | उल्लेरी सिस्नेरी खानेपानी टंकी निर्माण | सिद्ध कुमाख ४ सल्यान | |
| ११ | खार्वन जिउला सडक स्तरोन्नती योजना | सिद्ध कुमाख ४ सल्यान | |
| १२ | हातिढुंगा पनेरीखोला सिचाइकुलो मर्मत | सिद्ध कुमाख ४ सल्यान | |
| १३ | खार्वन आर्यघाट निर्माण | सिद्ध कुमाख ४ सल्यान | |
| १४ | महेन्द्र आदर्श मावि फिल्ड निर्माण तथा घेरवार | सिद्ध कुमाख १ सल्यान | |
| १५ | महेन्द्र मावि मुनि पिपल चौतारी तथा पदमार्ग निर्माण | सिद्ध कुमाख १ सल्यान | |
| १६ | माथिल्लो खर्केडाँडा तल्लो खर्केडाडा जोड्ने सडक निर्माण | सिद्ध कुमाख १ सल्यान | |
| १७ | कुकुरेखोर भगवती आवि भवन निर्माण | सिद्ध कुमाख १ सल्यान | |

| | | | |
|---|---|---|---|
| १८ | कुकुरखोर समाधी स्थल घेरवार तथा प्रतिक्षालय तथा गेट निर्माण | सिद्ध कुमाख १ सल्यान | |
| १९ | हिमालय आवि डाँडाकटेरी भवन निर्माण | सिद्ध कुमाख ३ सल्यान | |
| २० | निराजन मावि पर्खाल तथा फिल्ड निर्माण | सिद्ध कुमाख ३ सल्यान | |
| २१ | उचाल्ने गाउँघर क्लिनिक निर्माण | सिद्ध कुमाख ४ सल्यान | |

**प्रस्ताव नं १३ शैक्षिक क्यालेण्डर स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं १३:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत शैक्षिक वर्ष २०८२ को सम्पुर्ण शैक्षिक गतिविधिलाई समेटेर तयार पारिएको शैक्षिक क्यालेण्डर २०८२ सर्वसम्मतले स्वीकृत विमोचन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४ कक्षा थप अनुमति सम्बन्धमा ।**

**निर्णय नं १४:**

शैक्षिक सत्र २०८२ देखि कक्षा संचालन गर्न देहायको विद्यालयहरु द्धारा अनुमति माग भएको सम्बन्धमा मिति २०८१।१२।२८ गते बसेको शिक्षा समितिको बैठकमा पेश भइ छलफल भएकोले सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| सि. न. | विद्यालयको नाम | संचालन भएको कक्षा | अनुमति प्रदान गरेको कक्षा |
|---|---|---|---|
| १. | श्री ब्राइट ह्युमन एकेडेमी वडा नं ३ | कक्षा ७ | कक्षा ८ |
| २. | श्री भगवली आधरभुत विद्यालय वडा नं १ | कक्षा १ | कक्षा २ |

प्रस्ताव नं १५ अनुगमन तथा सुपेरीबेक्षण सम्बन्धमा ।

**निर्णय नं १५:**

गाउँपालिका द्धारा कार्यान्वयन हुने योजनाको नियमित अनुगमन लाई व्यवस्थित गरी कार्य प्रभावकारीता अभिबृद्धि गर्न १ लाख ५० हजार सम्मको लागत अनुमान भएको योजना वडा स्तरिय अनुगमन समिति र सो भन्दा माथिको योजना अनुगमनको लागि गाउँपालिका स्तरिय अनुगम समितिले अनुगमन गर्ने र योजना अनुगमन समिति देहाय बमोजिमको हुने निर्णय गरियो ।

## वडा स्तरिय अनुगमन समिति

१. वडा अध्यक्ष - संयोजक
२. वडा प्राविधिक - सदस्य
३. सम्बन्धित टोलको वडा सदस्य - सदस्य
४. वडा सचिव - सदस्य सचिव

## गाउँपालिका स्तरिय अनुगमन समिति

१. उपाध्यक्ष श्री राम बहादुर बस्नेत - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली खड्का - सदस्य
३. इन्जिनियर श्री गणेश रेग्मी - सदस्य
४. सम्बन्धित वडा अध्यक्ष - सदस्य
५. कार्यपालिका सदस्य श्री केशर परियार - सदस्य
६. कार्यपालिका सदस्य श्री आशा परियार - सदस्य
७. खा.पा.टे.पाँचौ श्री शोभाराम रावल - सदस्य सचिव
८. रोजगार सहायक श्री नरबहादुर वली - आमन्त्रित सदस्य